# सोलुदुधकुण्ड नगरपालिका

༄།། སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྐྱི་ཁྲབ་ལྷན་ཁང་།

# नगर कार्यपालिकाको कार्यालय

प. स. २०८०/०८१ सल्लेरी, सोलुखुम्बु
च.न : कोशी प्रदेश,नेपाल

| | | |
|---|---|---|
| १ | पदको नाम | नायब प्राविधिक सहायक |
| २ | सेवा /समूह | नेपाल कृषि |
| ३ | श्रेणी /तह | सहायक स्तर चौथो |
| ४ | तलब (मासिक) | स्थानीय तहको सहायक स्तर चौथो तहले पाउँने तलब स्केल |
| ५ | काम गर्ने समय | नेपाल सरकार/सोलुदुधकुण्ड नगरपालिकाले तोकेको निर्धारित समय अनुसार |
| ६ | कार्यरत कार्यालयको नाम | सोलुदुधकुण्ड नगरपालिका |
| ७ | शाखा /उपशाखा/ईकाई /फाँट | सोलुदुधकुण्ड नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु |

**बिस्तृत रुपमा पदको काम,अधिकार र उतरदायित्व**

१.सम्बन्धित कार्यालयले तोकेको स्थानमा खटिई कार्य संचालन गर्ने ।

२. सम्बन्धित कार्यालयबाट उपलब्ध भएको कार्ययोजना अनुसार कार्यालयलाई मासिक रुपमा रिपोटिङ गर्ने ।

३. स्थानीय तहमा संघ /प्रदेश सशर्त बजेट मार्फत संचालनमा आएका कृषि विकास कार्यक्रमलाई सरल, पारदर्शी र प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सहयोग गर्ने ।

४.नगरको वार्षिक स्वीकृत कार्यक्रमहरुको बारेमा कृषकहरुलाई जानकारी दिनुका साथै कृषि प्रविधिहरु बारेमा स्थानीय तहमा प्रचार प्रसार गर्ने ।

५.स्थानीय स्तरमा कृषि विकास कार्यक्रमको पहुँच बढाउने ।

६.स्थानीय समस्यामा आधारित सम्बन्धित कार्यालयबाट संचालित कार्यक्रम, सामाग्री आपुर्ति, उत्पादन उत्पादनोपरान्त व्यवस्थापन एवं बजीकरणको स्थलगत अनुगमन तथा निरिक्षण गरी कार्यालयलाई आवश्यक प्राविधिक प्रतिवेदन पेश गर्ने ।

७. कार्य क्षेत्रभित्रका कृषकहरुलाई नगरको स्वीकृत वार्षिक कार्यक्रमहरुको प्रस्ताव तथा व्यवसायिक योजना तयार गर्न आवश्यक सहयोग गर्ने ।

८. स्थानीय तहमा कृषि शाखाबाट संचालन हुने कार्यक्रमहरुको आवश्यक जानकारी वडाहरुमा प्रेषण गर्ने र आवश्यक डकुमेन्ट तयार गर्न सहयोग गर्ने ।

९. प्राकृतिक प्रकोप(आगालागी,बाढी पहिरो, अतिवृष्टि,अनावृष्टि,महामारी )को समयमा सम्बन्धित कार्यालयले तोकेको क्षेत्रमा खटिई उद्धार कार्यमा संलग्न हुनको साथै क्षतिको विवरण संकलनमा सहजिकरण गर्ने ।

१०.गुणस्तरिय मल, बीउविजन संरक्षण र बीउविजन परीक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा संचालनमा सहजिकरण गर्ने ।

११.कृषि बीमा सम्बन्धि योजनाको कार्यन्वयन सहजिकरण गर्ने ।

१२.कृषि सम्बन्धि सूचनाको विकास र व्यवस्थापन गर्ने ।

१३.कार्यक्षेत्र भित्र कृषि प्रसार तथा प्रविधि विस्तारमा संलग्न सरोकारवालाहरुसँग यथोचित समन्वय र सहकार्य गर्ने ।

१४.कार्यालयले तोकेको क्षेत्र भित्र रहेका कृषि उद्ममी/कृषक समूह/कृषि सहकारी/कृषिसँग सम्बन्धित गैर सरकारी संस्थाहरुको विवरण तयार गरी प्रोफाईल बनाउने ।

१५.कार्य क्षेत्रभित्रका कृषक समूह,समिति गठन र परिचालन तथा कार्यक्रम संचालनमा सहयोग गर्ने ।

१६.नगर प्रमुख,उप्रमुख,प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखले तोकेको अन्य कार्य गर्ने ।

<table>
<tr>
<td>मेरो पदसँग सम्बन्धित उपयुक्त काम,उतर दायित्व तथा अधिकारको विवरण पूर्ण एवम् साँचो हो ।<br><br>................<br><br>कर्मचारीको दस्तखत<br><br>मितिः</td>
<td>यस पदसँग सम्बन्धित उपयुक्त काम,कर्तव्य,उतरदायित्व तथा अधिकारको विवरण पूर्ण रुपमा ठिक साँचो हो ।<br><br>...................<br><br>प्रमुख प्रशासकीय अधिकृत</td>
</tr>
</table>

## पशुपंछी सेवा शाखाको कर्मचारीहरुको कार्यविवरण

## सेवाःकृषि-भेटेरिनरी, पदः नायव पशु सेवा प्राविधिक ,तहःचौथो

**शाखा प्रमुख प्रति उत्तरदायि रहि देहाय बमोजिमका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गराउनुपर्नेछ ।**

१. पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन तथा पशुपंछी बजार, पूर्वाधार सुविधा र आपूर्तिसम्बन्धी,

२. पशुपालन र पशु स्वास्थ्य सम्बन्धी योजना तथा कार्यक्रमको कार्यान्वयन सम्बन्धी कार्य,

३. पशुपंछी हाटबजारको पुर्वाधार निर्माणमा सहयोग, तालिम,प्राविधिक टेवा, क्षमता विकास कार्यक्रमको सञ्चालन सम्बन्धी कार्य,

४. पशु आहारा गुणस्तर नियमन,

५. पशु बधशालाको व्यवस्थापन र नियमन,

६. पशुपंछी चिकित्सा सेवाको व्यवस्थापन,

७.पशुपंछी सम्बन्धी बीमा र कर्जा सहरिकरण,

८.पशुजन्य तथा कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण सम्बन्धी कार्य,

९.पशुपालनहरुको क्षमता अभिवृद्धि,प्राविधिक टेवा,सीप विकास सम्बन्धी कार्य,

१०.पशुपंछी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणालि प्रचारप्रसार सम्बन्धी कार्य,

११.पशुसेवा तर्फ नश्ल सुधार कार्य,

१२.पशुपंछी पालक तथा कृषक समूहको विषयगत आवश्यकता पहिचान गर्न सेवा केन्द्र/सम्पर्क स्थल,कृषि फार्महरुलाई सहयोग गर्ने तथा कृषक पाठशाला सञ्चालन गर्ने,

१३.उपभोक्ताहरुलाई दुध,मासु,पशुपंछीको रोगहरु बारे जनचेतनाको लागि सूचना प्रदान,

१४.कृषकस्तरमा पशुपालन तर्फ महामारी लागेमा निराकरण गर्ने,

१५.पशु स्वास्थ्य विषयमा पशुको परिक्षण गरी औषधी वितरण गर्ने,

१६.हिउँदे तथा वर्षे घाँसको बिउ वितरण गर्ने,

१७.पशुपालन विषयमा पशु फर्महरुको अवलोकन गरी प्रतिवेदन दिने र गाई तथा भैसिँमा कृत्रिम गर्भाधान गर्ने,

१८.पशु रोग स्वास्थ्य उपचार, खोप,बन्ध्याकाण सम्बन्धी सेवा प्रवाह गर्ने, पशु रोग उपचारमा ग्रामिण पशुस्वास्थ्य कार्यकर्ता र स्थानीय सेवा प्रदायक र अगुवा कृषकको प्राविधिक सीप तथा क्षमता विकास गर्ने,

१९.आवश्यकता अनुसार पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने, पशुरोग सम्बन्धी सामान्य ल्याव सेवा सञ्चालन सम्बन्धी कार्य,

२०.पशुपंछी,पोल्ट्री,डेरी डेभलेप्मेन्ट सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

२१.पशु आहारको गुणस्तर निरिक्षण व्यवस्था र नियमन गर्ने स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन गर्ने, गराउने,

२२.पशुपंछी फर्म,मासु पसल ,डेरी, एग्रोभेटहरुको अनुगमन,

२३.घरेलु, इन्स्योरेन्स, कम्पनी, सरकारी फर्म तथा अन्य संस्थाहरुलाई सम्बोधन गरी कृषकलाई सिफारिस पत्र प्रदान दिने,

२४.पशुपालन सम्बन्धी तालिम कार्यक्रमहरु गर्ने,

२५.उन्नत जातका पशुपंछी वितरण गर्ने जस्तैः उन्नत रागोँ ,उन्नत बोका, बंगुर पाठा, कुखुरा चल्ला, माछा भुरा आदि,

२६.शाखा अन्तर्गत सम्पादन हुने काम कारवाहीहरु समयमा हुनुपर्ने र कार्यसम्पादन हुन नसकेमा सोको जवाफदेहिता वहन गर्ने, गराउने,

२७.पशुपंछी,पोल्ट्री,डेरी उत्पादन,प्रशोधन र बजारीकरण सम्बन्धी कार्य,

२८.पशुपंछी पालन तथा पशुपंछी उपज कृषकलाई संगठित गर्ने सम्ब्धी कार्य,

२९.जिम्मा रहेको रजिस्टर अभिलेख प्रतिवेदन फाइल तथा अन्य सम्पतिको दुरुस्त र सहि व्यवस्था गर्ने, तथा कर्मचारी सरुवा हुदाँ आफ्नो जिम्मामा रहेको सामानहरुको बरबुझारथ गर्ने,

३०.पशुपंछी विकास सम्बन्धी तालिम,प्राविधिक टेवा,कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गर्ने,

३१.पशु बधशाला र शीत भण्डारको व्यवस्थापन र नियमन गर्नेक्रम सञ्चालन गर्न संघ संस्थाहरु बिच समन्वय गर्ने,

३२.पशुपंछी र पशु स्वास्थ्य सम्बन्धी योजना कार्यान्वयन गर्ने,

३३.पशुपंछी सम्बन्धी स्थानीय संघ संस्थाहरुको समन्वय ,व्यवस्थापन र नियमन सम्बन्धी कार्य,

३४.पशुजन्य तथा कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण सम्बन्धी कार्य,

३५.पशु चिकित्सालय सम्बन्धी कार्यविधि ,योजना र कार्यक्रम सम्बन्धी कार्य,